# जीविकोपार्जन सुधारका लागि हैसियत बिग्रिएका सामुदायिक वन क्षेत्रको सदुपयोग : *दोलखा जिल्लाको एक अनुभव*

✍ शम्भु चर्माकार[१], भरत शर्मा[१]

## १. पृष्ठभूमि

नेपालमा अभ्यास हुँदै आएको समुदायमा आधारित वन व्यवस्थापनको अभ्यास वन स्रोतको संरक्षण तथा व्यवस्थापनका लागि एक सफल प्रणाली सावित भएको छ। यसलाई वन विनाश कम गर्ने, वनको हैसियत सुधार गर्ने, तथा गरिबी घटाउने एक माध्यमका रूपमा लिन थालिएको छ (Ostrom 1990, Branney & Yadav 1998)। यसलाई सामुदायीक संरक्षणको मोडेलको रूपमा पनि लिइन्छ। नेपालको सर्न्दभमा १८,१३३ सामुदायिक वन उपभोक्ता समूहहरू (सावउस) ले करिब १.७ मिलयन हेक्टर वन क्षेत्र व्यवस्थापन गर्दै आएका छन् (DoF 2014)। यी वन समूहहरूले व्यवस्थापन गर्दै आएका वन क्षेत्रसँग हजारौं स्थानीय विपन्नहरूको जीविकोपार्जन उकास्न सक्ने सम्भावना रहेको छ। विभिन्न अध्ययनरूहरूले ग्रामीण क्षेत्रका सम्पन्न मानिसहरूभन्दा विपन्न तथा सीमान्तकृत मानिसहरू सामुदायिक वनमा उपलब्ध स्रोतहरूमा बढी आश्रित छन् भन्ने देखाएको छ (जेन्टल, २०००, मल्ल २०००)। वन समूहमा आबद्ध घरधुरीहरूको जीविकोपार्जनको सम्पूर्ण आधारहरू उक्त वन स्रोतमा आधारित भए तापनि निर्णय गर्ने प्रक्रियामा समूहका सबैको समान भूमिका तथा वनबाट प्राप्त लाभ समान रूपमा पाउन सकेका छैनन्।

नेपालमा वन क्षेत्रको व्यवस्थापनमा वन विकास गुरुयोजना (सन् १९८८) र त्यसपछि लागू भएको वन ऐन, २०४९ र नियमावली, २०५१ ले वन उपभोक्ताहरूलाई सामुदायिक वन उपभोक्ता समूह गठन गर्न पाउने कानूनी अधिकारको पूर्णप्रत्याभूति गर्ने काम गर्यो। जसले गर्दा स्थानीय स्तरमा आफूलाई पायक पर्ने वन क्षेत्रका उपभोक्ताहरूले उपभोक्ता समिति गठन गरी वनको संरक्षण संवर्धन गर्नका लागि जिल्ला वन कार्यालयबाट आफ्नो समूहलाई हस्तान्तरण गर्न लगाउने प्रक्रियाको एक अभियानको रूपमा अगाडि बढ्यो। उक्त अभ्यासले तीव्र रूपमा बढ्दै गएको वन फडानी रोकियो। सामुदायिक वन हाम्रा लागि हो भन्ने सामूहिक भावनाको विकास जागृत हुँदै गयो। साथै स्थानीय समुदायहरू त्यसतर्फ अग्रसर समेत हुँदै गए। यसको माध्यमबाट वातावरण एवम् जैविक विविधताको संरक्षणका साथै वन पैदावार उत्पादन गर्ने क्षमताको समेत उल्लेखनीय वृद्धि भयो। त्यसैगरी नेपाल सरकारले सामुदायिक वनको मार्गदर्शन, २००९ मा विपन्न वर्गको पहिचान, उपसमूह गठन र यसको विधि सम्बन्धी स्पष्टरूपमा उल्लेख गर्यो। उक्त व्यवस्थाले सावउसहरूमा उपसमूहहरूको गठन गरी सावउसका हैसियत बिग्रेका क्षेत्रहरूको व्यवस्थापन र उपयोगका निम्ति प्रदान गर्नका लागि कानूनी आधार समेत प्रदान गरेको छ।

सामुदायिक वन पद्धतिलाई विश्व समुदायले पनि एउटा सफल मोडलका रूपमा अपनाउँदै गएको पाइन्छ। तथापि वनमा आश्रित अति गरिब र सीमान्तकृत समुदायको निर्णय प्रक्रिया तथा लाभांश वितरण प्रणालीमा पहुँच भने अझै पनि कम देखिन्छ। यस सन्दर्भमा सामुदायिक वनभित्र उपसमूहको गठन गर्ने अभ्यासलाई एउटा नवीनतम मोडलको रूपमा लिन सकिन्छ। यसको लक्ष्य भनेको जैविक विविधताको संरक्षण र गरिबी न्यूनीकरणमा सहयोग गर्नु हो। यस मोडलको अवधारणा अनुसार गरिबहरू सङ्गठित भई निश्चित समयका लागि सावउसको उजाड क्षेत्र वा हैसियत बिग्रिएका क्षेत्रहरूलाई कबुलियतीनामा गरी आयआर्जनका क्रियाकलापहरू गरी आयआर्जन बढाउने काम गर्दछन्। तसर्थ यस अध्ययनले सावउसहरूभित्र

१ लेखकद्धय एन्साव नेपालमा कार्यरत छन्।

उपसमूह मोडलको विधि, प्रक्रिया तथा यस मोडलले वनको सुशासन र जीविकोपार्जनमा पारेको प्रभावहरूका बारेमा चर्चा गर्ने प्रयास गरेको छ ।

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा अवस्थित दोलखा जिल्लामा रहेका केही सावउसहरूमा उपसमूहको मोडल कार्यान्वयन गरिएको छ । यस लेखका लागि भित्तेरी सावउसमा गठन भएका उपसमूहहरूमध्ये सुनसरी नाम दिइएको उपसमूहलाई अध्ययनका लागि छनौट गरिएको छ । यो लेख यस उपसमूहको कार्ययोजना तथा वार्षिक प्रतिवेदन तयार गर्ने काममा भएको अनुभवका साथै सम्बन्धित सरोकारवालाहरूसँग परामर्श, उपसमूह र सम्बन्धित सावउसहरूसँगको छलफल, प्रमुख सूचनादातासँगको अर्न्तवार्ताका आधारमा तयार गरिएको छ । यस उपसमूहको पूर्ण अध्ययनका लागि दुईवटा सामूहिक छलफलहरू गरिएका थिए (एउटा भित्तेरी सावउससँग र अर्को उपसमूहका सदस्यहरूसँग), अन्य आवश्यक तथ्याङ्कहरूका लागि उपसमूहका रेकर्डहरू, सावउसको वार्षिक प्रगति प्रतिवेदन, एन्सावको वन प्रमाणीकरण, वन उद्यम सम्बन्धित वार्षिक तथा अर्धवार्षिक रिपोर्टहरूका साथै व्यक्तिगत अनुसन्धान रिपोर्टहरूको अध्ययन पनि गरिएको छ । लेखकहरूको उपसमूह गठन र सञ्चालन सम्बन्धी अनुभवहरूलाई पनि प्रमुख सूचनाको स्रोतको रूपमा लिइएको छ । साथै सम्बन्धित लेख रचनाहरूको अध्ययन तथा विश्लेषण पनि गरिएको छ ।

## २. जीविकोपार्जन सुधारका लागि उपसमूह निर्माणको अनुभव

नेपालको दोलखा र बझाङ जिल्लाहरूमा रहेका २२ वटा सावउसहरूमा कूल १७७९ अति विपन्न र वन स्रोतमा आश्रित घरधुरीहरूको जीविकोपार्जन सुधारका लागि एन्सावले करिब एक दशक जति केही प्रयास गरेको छ । जसमध्ये दोलखा जिल्लामा मात्रै सन् २००३ देखि २००५ का बीचमा कूल १६ वटा सावउसमा ४५ वटा उपसमूहहरू गठन भएको थियो । जसमध्ये भित्तेरी सावउस पनि एक हो । उक्त सावउसमा कूल सात वटा उपसमूहरू गठन गरिएका थिए । ती उपसमूहहरूलाई फरक फरक नामहरू दिइएका छन् । जसमध्येको एक उपसमूहको नाम सुनसरी हो ।

उपसमूहहरूमा क्रियाकलापहरू सञ्चालन गर्ने प्रक्रियामा एन्सावले निरन्तर रूपमा सम्बन्धित जिल्लाका जिल्ला वन कार्यालय र जिल्ला सामुदायिक वन उपभोक्ता महासङ्घसँग सहकार्य गरेको थियो । यी वन समूहहरूमा सबैभन्दा पहिले अति विपन्न घरधुरीहरूको छनौट गर्ने काम भयो । छनौट भएका घरधुरीहरूको कूल ७४ वटा उपसमूहहरू गठन गर्ने काम भयो । यसका लागि सावउसका पदाधिकारीहरू, वन प्राविधिकहरू तथा सरकारी वन अधिकृतहरूसँग बृहत् छलफल गर्ने काम भयो ।

यसरी छनौट भएका सावउसहरूभित्र उपसमूहको गठन गरी प्रत्येक उपसमूहहरूको आफ्नै व्यवस्थापन योजना निर्माण गरिएको छ । तर यस प्रक्रियामा सम्बन्धित सावउसको विधान तथा कार्ययोजनाभित्र रही तयार पार्ने काम गरिएको छ । उक्त व्यवस्थापन योजनालाई जिल्ला वन कार्यालय तथा सम्बन्धित सावउसको जिल्ला महासङ्घले पनि अवलोकन गरेको हुन्छ । यस मोडेलको मुख्य उद्देश्य भनेको उक्त समूहलाई योजना निर्माण र कार्यान्वयन गर्ने काममा उनीहरूको सक्रिय सहभागिता बढाउँदै वातावरणीय हैसियत बिग्रिएको जमिनलाई दिगो व्यवस्थापन गर्नु रहेको थियो । यसका साथै रोजगार तथा आर्यआर्जनमा वृद्धि र सावउसहरूमा हुने गरेको अबैध क्रियाकलापहरूलाई समेत कम गर्ने रहेको थियो ।

### २.१ उपसमूह निर्माण प्रक्रिया

उपसमूह भन्नाले साझा इच्छा भएका सानो समूह हो जसमा विशेष गरी अति विपन्न महिला, दलित पर्दछन् र जसले प्राकृतिक स्रोत व्यवस्थापन, पेशा आदिमा साझा इच्छा राख्छन् । यसका साथै उनीहरू भौगोलिक हिसाबले पनि नजिक रहेका हुन्छन् र जीविकोपार्जनको लागी वन स्रोतमा आश्रित हुन्छन् । यस्ता उपसमूहहरू सामुदायिक वन मार्गदर्शन तथा वन व्यवस्थापन योजनामा उल्लेख भएको व्यवस्थाको परिधिभित्र रहेर बनेका हुन्छन् । यस उपसमूहको पनि

आफ्नै व्यवस्थापन योजना, उद्यम विकास योजना र बैंक खाता रहेको हुन्छ ।

उपसमूहलाई दिगो रूपमा सञ्चालन गर्न सुरुमा पर्याप्त मात्रामा परामर्श तथा विस्तृत योजनाको आवश्यकता पर्दछ । सावउसमा उपसमूह निर्माण गर्नु पूर्व न्यायोचित लाभांश वितरण तथा प्राकृतिक स्रोतको प्रयोगमा प्रतिबन्ध लगाइएकोले विशेष गरी विपन्न तथा सीमान्तकृत वर्गहरू सावउसका विभिन्न क्रियाकलापहरूमा सक्रिय सहभागीता थिएनन् । जसले गर्दा सावउसहरूमा अवैध क्रियाकलापको बढावा भएको पाइन्छ । तसर्थ यस्ता खालका समस्याहरूलाई समाधान गर्नका लागि सावउसहरूभित्र रहेका खाली क्षेत्रहरूको उपयोग गरी आर्यआर्जनमा टेवा पुगोस् भन्ने उद्देश्यले उपभोक्ता समूहहरूमध्येबाट उपसमूह गठन गर्ने मोडेल तयार गरियो ।

उपसमूहहरू गठन गर्न पाँचवटा मुख्य चरणहरू अपनाइयो । प्रारम्भिक चरणमा सम्भाव्यता अध्ययनको साथै सामुदायिक वन व्यवस्थापन समितिहरूसँग समन्वय गरियो । दोस्रो, सावउसका उपभोक्ताहरूको सम्पन्नता स्तरीकरण गरी उपभोक्ताहरूलाई एकदेखि सातसम्म आर्थिक रूपमा स्तरीकरण गरियो । जसमा एकले अति सम्पन्न र सातले अति विपन्न वर्गका उपभोक्तालाई जनाउँछ । तेस्रो, समान चाहना भएका उपभोक्ताहरूको पहिचान गरी साना उपसमूहहरूमा विभाजन गरियो । चौथो, पर्ती जग्गा तथा हैसियत बिग्रिएको क्षेत्र पहिचान गरी कबुलियत वनको रूपमा अति गरिब उपभोक्ताहरूलाई हस्तान्तरण गर्ने काम गरियो र उक्त क्षेत्रमा उपसमूहहरूको लागि उपयुक्त उद्यम पत्ता लगाइयो । पाँचौ, उपसमूहहरूले सामुदायिक वन उपभोक्ता समूहहरूको सहयोगमा उद्यम विकास तथा व्यवस्थापन योजना बनाई सामुदायिक वन उपभोक्ता समूहहरूबाट स्वीकृति लिइयो र कार्यक्रमको कार्यान्वयन गरियो ।

गठन गरिएका उपसमूहहरूमा महिला र अति विपन्न मानिसहहरूको सहभागिता सुनिश्चित गर्ने प्रयास गरियो । तथापि उनीहरूको उपस्थिति मात्रै उद्देश्य प्राप्तिको लागी पर्याप्त रहेको भने देखिएन । तसर्थ हरेक उपसमूहलाई प्रारम्भिक कोषको रूपमा (एन्साब रू. ५०००, सामुदायिक वन उपभोक्ता समूह रू. २००० र जिल्ला वन कार्यालयबाट रू. २०००) जम्मा रू. ९००० को व्यवस्था गरियो ।

उपसमूह गठनको सम्पूर्ण गठन प्रक्रिया समावेशिता, सुशाशन कायम, वनको अवस्थामा सुधार र दिगो वन व्यवस्थापनमा योगदान हुने अनुमान गरिएको थियो । यसको उद्देश्य भनेको ती वन समूहहरू आफ्नो वन व्यवस्थापन र गैरकाष्ठ वन पैदावारमा आधारित आयमूलक क्रियाकलापहरूबारे सचेत र सक्षम हुन सकून् भन्ने थियो । त्यसका साथसाथै, उपसमूहहरूको गठन, तिनीहरूको कार्ययोजना कार्यान्वयन तथा वचत ऋण योजना सञ्चालनको लागि प्राविधिक तथा सहजीकरण गरिएको थियो ।

## २.२ उपसमूहका क्रियाकलाप तथा सिकाइहरू

दोलखा जिल्ला बोच गाविसमा अवस्थित भित्तेरी सावउसको वन क्षेत्र समुन्द्री सतहबाट २१०० देखि ३३०० मिटरको उचाइ रहेको छ । यो वन क्षेत्र करिब ३७८.५ हेक्टर क्षेत्रफलमा फैलिएर रहेको छ । यो वन कोणधारी जङ्गल, मिश्रित चौडापाते वन तथा गैरकाष्ठ वन पैदावरको उपलब्धताका हिसाबले सम्पन्न छ । गैरकाष्ठ वन पैदावरहरूमा लोक्ता (Daphne bholua), धसिङ्ग्रे (*Galtheisa fsagsantissin*), अल्लो (*Gisardina divessitolia*), अर्गेली (*Edgeworthia gasdenesii*), चिराइतो (*Stuestia chisayita*) र च्याउ आदि रहेका छन् । जम्मा २३७ घरधुरीहरू समावेश भएको यस वन समूहमा जनजाति र गरिब उपभोक्ताको बाहुल्यता रहेको छ । यस वन क्षेत्रको कूल भुभागको ४० प्रतिशत भूभाग विभिन्न सात उपसमूहहरू गठन गरी व्यवस्थापन गर्दै आएका छन् । तिनै सातवटा उपसमूहहरूबाट पनि सुनसरी उपसमूहलाई अध्ययनको लागि छानिएको छ ।

सुनसरी उपसमूह भित्तेरी सावउस एक सक्रिय उपसमूह हो । यस सावउसको वन व्यवस्थापन अन्तर्गत सन् २००३ मा यस उपसमूहलाई पर्ति तथा हैसियत बिग्रेको २० हेक्टर जग्गा छुट्याइएको थियो ।

जम्मा ३५ घरधुरी समावेश भएको यस उपसमूहमा ७२ प्रतिशत जनजाति र अन्य क्षेत्रीहरू रहेका छन्। यस उपसमूह भित्रका सदस्यको मुख्य आम्दानीका स्रोतहरू कृषि, पशुपालन र वनस्रोत नै हो।

### २.२.१ उपसमूहमा सञ्चालन गरिएका मुख्य क्रियाकलापहरू

अध्ययन गरिएको क्षेत्रका सावउसका गठन भएका उपसमूहहरूले सन् २००३ देखि नै सक्रिय रूपमा काम गर्दै आएका छन्। सुरुआतको समयदेखि नै उपसमूहहरूले सामाजिक, वातावरणीय र आर्थिक विकासमा समय र पैसा खर्च गर्दै आएका छन्। उपसमूहले गरेका मुख्य क्रियाकलापहरूका बारेमा तल चर्चा गरिएको छ।

**(क) क्षमता अभिवृद्धि :** सदस्यहरूको क्षमता अभिवृद्धि गर्नका लागि उपसमूहहरूले एन्साब, सम्बन्धित सावउस र जिल्ला वन कार्यालयको सहयोग तथा सहजीकरणमा वन व्यवस्थापन, वृक्षारोपण, व्यवसायिक योजना, उद्यम विकास, समूह व्यवस्थापन, लेखा तथा रेकर्ड राख्ने काममा तालिम तथा सचेतनाका कार्यक्रमहरू गरेका छन्।

**(ख) वृक्षारोपण :** उपसमूहहरूलाई व्यवस्थापनका लागि उपलब्ध गराइएको वन क्षेत्रहरूमा के गर्न सकिन्छ भन्ने विषयमा गरिएको सम्भाव्यता अध्ययनका अनुसार अर्गेली (Edgeworthia Gardenerii), लोक्ता (Dapnne Bholua ) र चिराइतो (swertia chiraytiya) जस्ता गैरकाष्ठ वन पैदावारको वृक्षारोपण गर्ने काम सूचीकृत भएको थियो। त्यसैक्रममा सन् २००३ देखि २०१२ का बीचमा उपसमूहले करिब २०,००० भन्दा बढी अर्गेली (E. gasdenesii) का डाँठहरू र केही डालेघाँसहरूको वृक्षारोपण गरेका छन्।

**(ग) वन संवर्द्धन र व्यवस्थापन :** उपसमूहहरूलाई कबुलियतीनामा गरी दिइएको वन क्षेत्रहरूमा अपनाइएका वन संवर्द्धन र व्यवस्थापनका तरिकाहरूमध्ये चरिचरण नियन्त्रण, अग्निरेखा निर्माण र सिल्भीकल्चरल (silvicultural) क्रियाकलापहरू, जस्तै एक्ल्याउने, पत्ल्याउने तथा झाडी सफाइ गर्ने काम गरिएका छन्। कटानको समय र अवधिका लागी उपभोक्ता समूहहरूले वन व्यवस्थापन योजनालाई अनुशरण गर्दै आइरहेका छन्।

**(घ) बचत-ऋण तथा कोष परिचालन :** उपसमूहहरूमा सङ्कलन भएको कोषका सदस्यहरूले प्रत्येक महिना प्रतिव्यक्ति रू. १० का दरले सामूहिक कोषमा जम्मा गर्ने गर्दछन्। त्यसैगरी गैरकाष्ठ वन पैदावरको बिक्रीबाट प्राप्त रकममध्येको केही भाग राजश्व स्वरूप उपसमूहको उक्त कोषमा जम्मा गर्ने गरेका छन्। र उक्त जम्मा भएको रकम उपसमूहले आफ्ना सदस्यहरूले गर्ने विभिन्न आयमूलक क्रियाकलापहरूमा लगानी गर्ने गर्दछन्।

**(ङ) आर्थिक लेखा तथा रेकर्ड राख्ने काम:** उपसमूहहरूमा पारदर्शिताको विकास गर्नका लागि मासिक बैठक राखिन्छ। यी बैठकहरूमा वन व्यवस्थापन, कोष परिचालन, गैरकाष्ठ वन पैदावरको कटान तथा बजारीकरण जस्ता विषयहरूमा निर्णयहरू हुन्छन्। उपसमूहले यी सम्पूर्ण विषयका बारेमा भएको आय व्यायको रेकर्ड राख्नुका साथै लेखा परीक्षणको प्रतिवेदन साधारण सभामा पेश गर्दछ। र नेतृत्वले उक्त लेखा प्रतिवेदन जिवकामा पेश गर्नुका साथै सम्बन्धित सावउसको साधारण सभामा पनि प्रस्तुत गर्दछ।

### २.२.२ उप समूहमा सुशासन तथा आय व्यय

उपसमूहहरूमा समुदायका गरिब, गैर काष्ठ वन पैदावर सङ्कलनकर्ता, र सामुदायिक वन उपभोक्ता समूहका महिलाहरू समावेश हुन्छन (पोखेल, २००९)। उक्त समूहमा चार जना सदस्यहरूले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव गरी चार वटा प्रमुख पदहरू सम्हाल्दछन् र अन्य साधारण सदस्यका रूपमा रहन्छन्। उपसमूहहरूले गर्ने क्रियाकलापहरूमा प्रमुख पदमा रहेका व्यक्तिहरूको महत्त्वपुर्ण भूमिका रहेको हुन्छ। वन क्षेत्र तथा वन समूहको व्यवस्थापन, उद्यम विकास, र वन पैदावरको बजारीकरणका प्रावधानहरू उपसमूहको व्यवस्थापन तथा उद्यम विकास योजनामा

समेटिएको हुन्छ। त्यसैगरी समूहले प्रत्येक महिना मासिक बैठक बोलाउने गर्दछ र उक्त बैठकमा तत्कालीन् सवाल र आगामी दिनहरूमा गर्नुपर्ने क्रियाकलापहरूका विषयमा खुला छलफल गरिन्छ। उक्त बैठकमा प्रत्येक सदस्यलाई वन व्यवस्थापन, कोष व्यवस्थापन र समसामयिक विषयका निर्णय प्रक्रियाहरूमा आफ्ना विचारहरू राख्न पाउने अधिकार हुन्छ।

सामुदायिक वन उपभोक्ता समूह र जिल्ला वन कार्यालयले उपसमूहका क्रियाकलापहरूलाई सहयोग र नियमित अनुगमन गर्दछन्। उपसमूहले वन पैदावरबाट प्राप्त आम्दानी सङ्कलन गरी आफ्नो बैंक खातामा बचत गर्दछन्। कबुलियतीनामा गरी हस्तान्तरण गरिएको जमिनमा उपलब्ध काठ उपभोक्ताहरूले घरायसी प्रयोजनका लागि बाहेक व्यापारिक प्रयोजनका लागी भने प्रयोग गर्न सक्दैनन्। तर उनीहरूले कार्ययोजना बमोजिम कटान गरी घरायसी र आयमूलक स्रोतको रूपमा भने प्रयोग गर्न पाउँछन्। उपसमूहका सदस्यहरूले गैर काष्ठ वन पैदावर निकासी गर्दा सम्पूर्ण रकमको केही हिस्सा उपसमूह र सम्बन्धित सावउसलाई राजश्वको रूपमा तिर्नुपर्ने हुन्छ। त्यसैगरी वन पैदावरको बिक्रीबाट प्राप्त रकमको जम्मा १० प्रतिशत वन व्यवस्थापनमा, ५ प्रतिशत संस्थागत विकासमा र बाँकी ८५ प्रतिशत रकम आयमूलक कार्यक्रमका लागि घुम्ती कोषको रूपमा सञ्चित गर्दछन्। उक्त घुम्ती कोषमा भएको रकम निश्चित ब्याजदरमा समूहका सदस्यहरूलाई उपलब्ध गराइन्छ। आय व्ययको स्थिति प्रत्येक वर्ष लेखा परीक्षणबाट जाँच गरिन्छ। साथै उक्त लेखा परीक्षण साधारण सभामा प्रस्तुत गरिन्छ।

## २.२.३ उप-समूह मोडेलको प्रभाव

यस अध्ययनका साथै अन्य सिलसिलाहरूमा गरिएको स्थलगत अध्ययन र अवलोकन तथा उपलब्ध प्रतिवेदनहरूको अध्ययन तथा विश्लेषण गर्दा सम्बन्धित उप समूहका सदस्यहरूमा यस कार्यक्रमका केही प्रभावहरू परेको देखिएको छ। केही महत्त्वपूर्ण प्रभावहरूको चर्चा तल गरिन्छ।

**क) हैसियत बिग्रेको वनको अवस्थामा सुधार :** करिब ९ वर्षको अवधिमा (सन् २००३ देखि २०१२) सुनसरी उपसमूहले करिब १० हेक्टरभन्दा बढी क्षेत्रफलमा अर्गेली (E. gasdenasii) का २०,००० डाँठहरू रोपण गरेको थियो। उक्त क्रियाकलापका कारण हैसियत बिग्रेको वन क्षेत्रमा चरिचरणको नियन्त्रण तथा वन डढेलोको न्यूनीकरणका साथै वन क्षेत्रको जथाभावी कटान हुने काममा नियन्त्रण भएको छ। त्यसैगरी उपसमूहले एक्ल्याउने, पत्ल्याउने, झाडी सफाइ तथा गोडमेल गर्ने कार्यहरू गर्न थाल्यो। जसले गर्दा उपभोक्ताहरूको दाउरा, घाँस र सोत्तरको आवश्यकता परिपूर्ति भयो। यसैगरी अर्गेली रोपण हुँदा उक्त वन क्षेत्रको बिग्रिएको हैसियतमा विस्तारै सुधार हुने काम भएको छ। यस उपसमूहको अवधारणालाई लागू गरेपछि उपसमूहलाई हस्तान्तरण गरिएको वन क्षेत्र (हैसियत बिग्रेका वन क्षेत्र) मध्ये करिब ६० प्रतिशत भूभाग वन क्षेत्रका रूपमा परिणत हुन सफल भयो। यी प्रभावहरूलाई चारवटा प्रमुख परिवर्तनका रूपमा लिन सकिन्छ। पहिलो, वन क्षेत्रको गुणात्मकतामा सुधार भयो (जस्तै सन् २००४ देखि हालसम्म भित्तेरी र नजिकका पाँचवटा सावउसहरूमा ९८ प्रतिशत चरिचरण नियन्त्रण भएको थियो)। दोस्रो, डढेलोको नियन्त्रण भयो। तेस्रो, उपसमूहहरू सक्रिय भएको (जस्तै भित्तेरी सावउस तथा केही छिमेकी सावउसहरू सन् २००५ मा FSC को दिगो वन व्यवस्थापनको प्रमाणपत्र प्राप्त गर्न सफल भएका थिए र जसका लागि उपसमूहहरूले FSC का मापदण्डहरूलाई समेटेर व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए)। चौथो, जैविक विविधताको संरक्षणमा योगदान (जस्तै उपलब्ध रिपोर्टका अनुसार उप-समूहको ढाँचाले जैविक विविधता संरक्षण र वन पुर्नस्थापनामा सहयोगी भूमिका निर्वाह गरी अहिले उक्त कार्यक्रमले गर्दा ती वन क्षेत्रहरूमा वन/पारिस्थितिकीय वस्तु तथा सेवाहरू दिगो रूपमा उत्पादन हुँदै आएको छ)।

**ख) अर्गेली, दाउरा, डालेघाँस उत्पादनमा वृद्धि :** भित्तेरी सावउसमा कबुलियतीनामा गरिएको १० हेक्टर वन क्षेत्रमा अर्गेली, दाउरा, डालेघाँसको उत्पादनमा वृद्धि भएको पाइयो। यसैगरी केही क्षेत्रमा चिराइतो

रोपण गरेकोले चिराइतो उत्पादन पनि बढेको देखिन्छ । उक्त सावउसको वन स्रोतको सर्वेक्षण प्रतिवेदन तथा सङ्कलन रेकर्ड हेर्दा सन् २००३ मा जम्मा ४५० केजी अर्गेली वार्षिक स्वीकृत कटान भएकोमा सन् २०१४ मा आइपुग्दा सो परिमाण दश गुणा बढी (कूल ४००४ केजी) भयो । तसर्थ, उपसमूहको अवधारणाले वनको सुधार गर्नुको अलावा उच्च मूल्य भएका प्रजाति र दैनिक उपभोगका लागि आवश्यक दाउरा, डालेघाँसको उत्पादनमा समेत वृद्धि भएको छ ।

**ग) जैविक विविधता संरक्षण :** उपसमूहको अवधारणा कार्यान्वयन भए पश्चात वनमा आश्रित तथा परम्रागत रूपमा वनको उपयोग गर्दै आएका आदिवासी जनजाति र स्थानीय समुदायहरूमा वन क्षेत्रप्रति अपनत्वको भावना वृद्धि भएको छ । जसले गर्दा एकातिर वनमा डढेलोको घटना तथा खुल्ला चरिचरन घटेको देखियो भने अर्कोतिर हैसियत बिग्रेको वन क्षेत्रमा वन तथा झाँडी क्षेत्र बढ्दा वन्यजन्तुको जैविक मार्गको क्षेत्र बढाउने काममा मद्दत पुगेको छ । यसैगरी विभिन्न वन्यजन्तु तथा चराहरूको वासस्थानमा समेत सुधार आएको कुरा स्थानीय व्यक्तिहरूले बताएका छन् ।

**घ) अति विपन्न व्यक्तिहरूको आयआर्जनमा सुधार :** भित्तेरी सावउसका सबै उपभोक्ताहरूको जिविकोपार्जनको प्रमुख आधार भनेको कृषि नै हो । यद्यपि वन क्षेत्रसँग उनीहरूको निकट सम्वन्ध रहेको छ । समुदायका अति विपन्न घरधुरीहरूसँग निजी जग्गा/स्रोतहरू न्युन भएका कारण उनीहरूको अधिकांश जीविकोपार्जनका आधार वनमा स्रोतमा नै निर्भर छ । यसरी उपसमूहले हैसियत बिग्रेका साना साना वन क्षेत्रहरू उनीहरूलाई कबुलियतीनामा गरी हस्तान्तरण गर्दा उनीहरूको जीवनस्तरमा सुधार भएको छ । जस्तै यस उपसमूहका सदस्यहरूले औसतमा २७ परिवारका सदस्यहरू (७८ प्रतिशत) ले जम्मा ८०० किलोग्राम अगेर्ली (E.gasdenasii), ६० किलोग्राम लोक्ता (Danphe bholua) को बोक्रा र २५० किलोग्राम चिराइतो (s. chirayito) वार्षिक रूपमा उत्पादन गर्दछन् । उक्त उत्पादनबाट करिब रू. १,०५,४४० रकम आम्दानी भित्र्याउन सफल भएका छन् (तालिका १ हेर्नुहोला) । उपसमूहको रेकर्डले देखाए अनुसार ८० प्रतिशत सदस्यहरूले तरकारी खेती गर्न, १५ प्रतिशतले कुखुरा पालन गर्न र ५ प्रतिशतले बाखा पालन गर्नका लागि ऋण लिइएको पाइयो । करिब २५ प्रतिशत सदस्यहरूले उत्पादित तरकारीको बिक्री गरेर मात्रै वार्षिक रू. ३,००० देखि ४०,००० सम्म आम्दानी गर्दछन् । उपसमूह नहुँदा उनीहरूलाई ऋण लिन पनि गाह्रो हुने र यदि पाइहाले पनि ब्याजदर निकै धेरै तिर्नुपर्ने हुन्थ्यो (वार्षिक ३६ प्रतिशतसम्म) । तर उपसमूहको कोषबाट भने उनीहरूले रू. २०,००० सम्म वार्षिक १२ प्रतिशत ब्याजदरमा ऋण लिन सक्दछन् । तसर्थ उपसमूहको गठन पश्चात आयआर्जन गर्ने कामका उनीहरूलाई केही सहज भएको छ ।

**तालिका १: गैरकाष्ठ वन पैदावार कटान तथा अन्य स्रोतहरूबाट सुनसरी उपसमूहले गरेको आम्दानी**

| उपसमूह र उद्यम | जम्मा वन क्षेत्र (हे.) | उत्पादन | उत्पादनशील क्षेत्र (हे.) | अतिविपन्न घरधुरी | वार्षिक कटान (के.जी.) | मूल्य (प्रति के.जी.) | जम्मा बिक्री (रू.) | राजश्व प्राप्त (उपसमूह) | राजस्व प्राप्त (सा.व.) |
|---|---|---|---|---|---|---|---|---|---|
| सुनसरी उपसमूह | २५ | अर्गेली | १० | २७ | ८०० | १०० | ८०,००० | ८,००० | ४,००० |
| | | लोक्ता | ३ | | ६० | १२४ | ७,४४० | ६०० | ३०० |
| | | चिराइतो | २५ | | २५० | ७२ | १८,००० | २,५०० | ५०० |
| जम्मा | | | ३८ | २७ | १,०१० | | १,०५,४४० | ११,१०० | ४,८०० |

स्रोत: स्थलगत अध्ययन २०१५

**ङ) सुशासन र संस्थागत विकास :** सन् २००२ भन्दा अघि भित्तेरी साबउसका अति विपन्न घरधुरीहरूले साबउसका क्रियाकलापहरूमा कम चासो दिने गर्दथे। जसले गर्दा वन समूहमा उनीहरूको आवाज विरैलै सुनिने गरिन्थ्यो। तसर्थ यस्ता वर्गहरूको निर्णय लिने प्रक्रिया र लाभांश वितरण प्रणालीमा सीमित पहुँच हुने गर्दथ्यो। महर्जन (२००४) का अनुसार सावउसका विपन्न, जलवायु परिवर्तनको जोखिममा परेका, तथा सीमान्तकृत घरधुरीहरूको सहभागिताका विषयमा थुप्रै सवालहरू थिए। उपसमूहको धारणाले यस्ता खालका सवालहरूको सम्बोधन गर्न योगदान पुगेको छ। उपसमूहको आफ्नै व्यवस्थापन योजना, उद्यम विकासको योजना तथा आफ्नो बैंक खाता हुन्छ। कूल ८० प्रतिशतभन्दा बढी सदस्यहरूले उद्यम विकास, वन व्यवस्थापन (वृक्षारोपण, समूह व्यवस्थापन, नेतृत्व विकास) सम्बन्धी तालिम पाइसकेका छन्। उनीहरूको व्यवस्थापन योजनामा उल्लेख भए अनुसार प्रत्येक महिनामा एक चोटी बैठक बस्ने गर्छन्। ती बैठकहरूमा शतप्रतिशत सदस्यहरूको सहभागिता हुने गर्दथ्यो। ती बैठकहरूमा ७५ प्रतिशतभन्दा बढी सहभागीहरू महिला हुने र निर्णय लिने प्रक्रियामा उनीहरूको अर्थपूर्ण भूमिका रहने गरेको छ। चर्माकार (२००७), जेन्टल (२०००) र मल्ल (२०००) का अनुसार साबउसहरूभित्र निर्णय लिने प्रक्रियामा विपन्न तथा महिलाभन्दा बढी पुरुष तथा सम्पन्न वर्गका व्यक्तिहरूको नेतृत्व हुने गरेको छ। तर उपसमूहको गठन गरेपश्चात महिला तथा विपन्न वर्गहरूको सामुदायिक वन विकास समितिहरूमा उल्लेखनीय सहभागिता बढेको देखिन्छ (गौली र हाउसर २०० ९)। त्यसैगरी उपसमूहहरूले गाविसमा रहेको कोष, सावउसको कोष जस्ता विभिन्न कोषहरूबाट सहयोग प्राप्त गरी बैकल्पिक उर्जा प्रवर्धन, दाउरा प्रयोगमा कमी र सदस्यहरूको जीविकोपार्जनमा वृद्धि गर्ने काममा सहयोग जुटाउने प्रयास समेत गरेको देखिन्छ। यसले गर्दा उनीहरूमा एकता, नेतृत्व, स्वामित्व बढेको पाइन्छ।

**च) वन नीतिमा पारेको प्रभाव :** सामुदायिक वनको संरक्षण तथा संवर्धन गर्ने प्रक्रियाहरूमा उपभोक्ताहरूको समान सहभागिता भनिए तापनि नेतृत्व तथा लाभांश वितरणमा असमानता भएको देखिन्छ। जसले गर्दा उपभोक्ताहरूका बीच असन्तुष्टि वृद्धि भई स्रोतको चोरी निकासी, खुला चरिचरण, अव्यवस्थित रूपमा वन पैदावरको सङ्कलन जस्ता कुराहरू अझै पनि समस्याका रूपमा रहेका छन्। उपसमूहको यो अवधारणा तथा अभ्यासका साथै नेपाल स्विस वन परियोजना र जीविकोपार्जनका लागि वन कार्यक्रम जस्ता विभिन्न परियोजनाहरूले पनि आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यसका सिकाइहरू र सकारात्मक उपलब्धिहरूको विश्लेषण गरी नेपाल सरकारले सामुदायिक वन मार्गदर्शन, २००९ लाई संशोधित गरी सम्पन्नता स्तरीकरण र सावउसभित्र हैसियत बिग्रिएको जमिन विपन्न वर्गहरूलाई दिने प्रावधानको व्यवस्था गरेको छ। उपसमूहको धारणाले वनको हैसियतमा सुधार गर्नुका साथै जीविकोपार्जन तथा वनको सुशासननमा सुधार गर्न योगदान पुऱ्याएको देखिन्छ। यस धारणलाई जिल्ला स्थित सरोकारवालाहरूले विस्तारै अभ्यासमा लागू गर्न थालेको पाइन्छ।

## ३. निष्कर्ष

सावउसका क्षेत्रहरूभित्र रहेका नाङ्गो तथा हैसियत बिग्रिएका वन क्षेत्रहरूलाई समुदायका अति विपन्न तथा गरिब घरधुरीको उपसमूहका सदस्यहरूको जीविकोपार्जन सुधारका लागि कबुलियतीनामा गरी दिने अभ्यासले ती घरधुरीहरूको जीविकोपार्जनमा सुधारका साथै समग्र वनको सुशासनमा सुधार गर्ने काममा योगदान पुऱ्याएको छ। यसका साथै उक्त वन क्षेत्रका वरिपरिको पारिस्थितिकीय प्रणालीमा समेत सुधार भएको छ। तसर्थ यो मोडल नेपालका अन्य सावउसहरूमा विस्तार गर्न सके सामाजिक, आर्थिक विकास र जैविक विविधताको संरक्षणमा सुधार आउने देखिन्छ। यसका लागि यस लेखका लागि अध्ययन गरिएका वन समूहहरूमा महिला तथा विपन्न वर्गहरूको सक्रिय सहभागिता तथा सशक्तीकरण, आयस्रोत बढाउनका लागि सानो कोषको परिचालन, वनमा आधारित उद्यम विकास र वनको व्यवस्थापन तथा पुर्नस्थापना गर्ने खालका क्रियाकलापहरू सञ्चालन गरिएका छन्। उक्त अवधारणा तथा अभ्यासले वन क्षेत्रको दिगो व्यवस्थापन गरी गरिबी न्यूनीकरण गर्ने, सुशासनमा सुधार गर्ने, जलवायु परिवर्तनको

प्रभावहरूसँग जुध्न सक्ने क्षमताको विकास गर्ने काममा महत्त्वपूर्ण योगदान पुगेको छ। यी अभ्यासहरूबाट भएका सिकाइहरूलाई तलका बुँदाहरूमा व्याख्या गरिएका छन्।

- समुदायका गरिब, विपन्न तथा वन स्रोतमा आश्रित घरधुरीहरूको पहिचान समूहका सदस्यहरूकै सक्रियता वा सहभागितामा गरिनुपर्दछ। तर यस्ता घरधुरीहरूको पहिचान गरी उनीहरूकै सक्रियता, निर्णय प्रक्रियामा सहभागिता र लाभांशमाथिको पहुँचमा अभिवृद्धि गर्ने काम सजिलो भने पक्कै छैन। तसर्थ, सबैभन्दा पहिला सम्बन्धित सावउसहरूमा यसको महत्त्व र उनीहरूले निर्वाह गर्न सक्ने भूमिका र अधिकार हरूका बारेमा चेतनाको वृद्धि गर्नु जरुरी हुन्छ।
- समुदायका गरिब तथा विपन्न घरधुरीहरूलाई वन क्षेत्रको हैसियत बिग्रिएको जमिनलाई कबुलियतीनामा गरी दिएर मात्र हुँदैन। ती घरधुरीहरूको उपसमूह गठन गर्ने कामका लागि चरणबद्ध रूपमा गरिनुपर्ने अन्य कामहरूका लागि अभिमुखीकरण गरिनु पर्दछ। जस्तै योजना निर्माण गर्ने, योजनाको कार्यान्वयन गर्ने, उद्यम छान्ने, व्यापारिक योजना निर्माण गर्ने, उपसमूह व्यवस्थापन योजनाको तर्जुमा गर्ने, सुशासनको सुदृढीकरण गर्ने काम।
- समुदायका गरिब तथा विपन्न घरधुरीहरूलाई वन व्यवस्थापन पद्धतिमा ल्याउनका लागि वन उद्यमको विकास गर्ने काम पनि एउटा प्रमुख विषय हो। यसका लागि नाङ्गा/खुला तथा हैसियत बिग्रिएका जमिनको उत्तम प्रयोग गर्ने काम महत्त्वपूर्ण हुन्छ। उक्त क्रियाकलापबाट वनको अवस्था सुधार गर्ने काममा पनि योगदान पुगेको हुनु पर्दछ।
- वन स्रोतमाथि निर्भर रहेका समुदायका गरिब तथा विपन्न घरधुरीहरूको व्यावहारिक आवश्यकतालाई उपसमूहको अवधारणाले समेट्न सक्दछ। यसका लागि क्षमता विकास, बजारसँगको निकटता गराइदिने र केही समयको लागि नियमित सहयोग प्रदान गरिनुपर्ने आवश्यकता देखिन्छ। जसले गर्दा संस्थागत विकासमा उल्लेखनीय टेवा पुऱ्याउनुका साथै अन्य निकाय तथा सरोकारवालाहरूसँग ती घरधुरीहरूको सम्बन्ध सिर्जना गर्न मद्दत गर्दछ।
- उपसमूहको अवधारणाले समुदायका गरिब तथा विपन्न र सामाजिक रूपमा बहिष्करणमा पारिएका व्यक्तिहरू, जस्तै महिलालाई पनि वन समूहको निर्णय गर्ने प्रक्रियाहरूमा प्रमुख भूमिका निर्वाह गर्न सक्ने बनाएको छ। साथै उनीहरूको आर्थिक तथा सामाजिक हैसियतमा समेत सुधार गर्न मद्दत पुऱ्याएको छ। यसैगरी यो अवधारणाको अभ्यासले समुदायका गरिब तथा विपन्न व्यक्तिहरूलाई वनको दिगो व्यवस्थापन गर्ने काममा सक्रिय बनाउँदै उक्त क्षेत्रको पारिस्थितिकीय सेवा बढाउने काममा समेत योगदान पुऱ्याएको छ।
- यो अवधारणाको अभ्यासले उपसमूहका सदस्यहरूका लागि रोजगारीको सिर्जना गर्ने काममा पनि त्यतिकै भूमिका निर्वाह गरेको पाइन्छ। सामूहिक स्तरबाट आएको आयस्रोत वन तथा अन्य गैर कृषि खेतीमा उपयोग गरी अनुकूलन क्षमताको समेत विकास गर्न योगदान पुऱ्याएको देखिन्छ।

## सन्दर्भ सामग्रीहरू

**ANSAB**. 2002. Baseline Report of PPA Project Developed by ANSAB. ANSAB. Kathmandu.

**ANSAB**. 2013. Report on Forest Carbon Stock of Community Forests in Three Watersheds (Ludikhola. Kayarkhola and Charnawati) of Nepal. Report developed under the NORAD Funded REDD+ Piloting Project. ANSAB. Kathmandu.

**Branney, P. and Yadav, K. P**. 1998. Changes in Community Forestry Condition and Management 1994-98: Analysis of Information for the Forest Resource Assessment Study and Socio-economic Study of the Koshi hills. Project Report G/UNKCFP/32. Kathmandu: NUKCFP.

**Charmakar, S**. 2007. The Inclusion of Dalit and Women in Community Forests: A Study from Dolakha District. Report Submitted to Nepal Swiss Community Forestry Project.

**DoF**. 2009. Community Forestry Development Programme Guideline Published by Community Forestry Division. Department of Forest (DoF). Babarmahal. Kathmandu. Nepal.

**DoF**. 2014. Community Forestry Database (unpublished). Department of Forset. Kathmandu. Nepal

**Gauli, K. and Hauser, M.** 2009. Pro-Poor Commercial Management of Non-timber Forest Products in Nepal's Community Forest User Groups: Factors for Success. Mountain Research and Development. Vol. 29 (4): 298-307.

**Gentle, P**. 2000. The Flow and Distribution of Community Forestry Benefits: A Case Study From Pyuthan District. Nepal. M. Sc. (Forestry Thesis) Thesis. Submited to University of Canterbury. New Zealand.

**Maharjan, M. R**. 2004. Payment for Environmental Services in CF. Paper Presented in Fourth National Community Forestry Workshop. Kathmandu.

**Malla, Y. B**. 2000. Impacts of Community Forestry Policy in Rural Livelihoods and Food Security in Nepal Unasylva: 202. Vol. 51. PP. 38-45.

**Ostrom, E**. 1990. Governing the Commons: The Evolution of Institutions for Collective Action. Cambridge University Press. UK.

**Pokhrel, B. R**. 2009. Impact of Sub-group Model on Participation and Livelihood Improvement of Poor and Women. Thesis Submitted to Tribhuvan University of Nepal. Kathmandu.

**Sunsari Sub-group**. 2003. The Sub-Group Management and Enterprise Development Plan of Sunsari Sub-group: Approved in 2003 from Bhitteri CFUG. Dolakha.